स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## रक्तदान गरौं, जीवन बचाऔं ।

- तपाई हामीले दिएको एक युनिट रगतले ३ जना सम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ व्यक्तिले ३-३ महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एक मात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं,
- आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



नेपाल अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवले ओपनिङ र क्लोजिङ फिल्मको घोषणा गरेको छ । ओपनिङ फिल्मको रुपमा नवीन सुब्बा निर्देशित 'गाउँ आएको बाटो'को अमेरिका प्रिमियर तय भएको छ । जुन २० मा फिल्मको स्क्रिनिङ हुने जनाइएको छ । सन् २०२३ मा टोरन्टोमा विश्व प्रिमियरसँगै 'गाउँ आएको बाटो'ले बुसान, मुम्बई, बेइजिङ लगायतका प्रसिद्ध फेस्टिभलमा सहभागिता जनाइसकेको छ । नेपाल र डायस्पोरा रिलिज चाहिँ जेठ २५ गते (जुन ७)मा हुँदैछ ।

**आजको विचार...**



मेघनाथ दाहाल

छिमेकीबाट...
(दुई पेजमा)



ट्राभल-लभस्टोरी फिल्म 'लण्डन टू पेरिस'को नयाँ गीत सार्वजनिक गरिएको छ । सार्वजनिक 'चाहन्छु यो माया' बोलको प्रेमिल भावको गीतमा अभिनेत्री साम्राज्ञी आरएल शाह र डेब्यु अभिनेता निश्चल खड्काबीचको चिसो सम्बन्धलाई देखाइएको छ ।

❒ वर्ष २९ ❒ अंक २८९ ❒ २०८१ जेठ ६ गते आइतबार 19 May 2024, Sunday ❒ पृष्ठ संख्या 8 मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बाढीले पचाँस जनाको मृत्यु



**(रासस/एएफपी)** —

**काबुल,** जेठ ५/पश्चिमी अफगानिस्तानमा आकस्मिक बाढीले कम्तीमा पचाँस जनाको ज्यान गएको प्रान्तीय प्रहरीले शनिबार जनाएको छ । 'शुक्रबार बाढीका कारण घोर प्रान्तका पचाँस जना बासिन्दाको मृत्यु भएको छ भने अन्य धेरैजना बेपत्ता रहेका छन्,'घोर प्रहरी प्रवक्ता अब्दुल रहमान बाद्रीले एक विज्ञप्तिमा भने । 'बाढीले करिब दुई हजार घर ध्वस्त पार्नुका साथै हजारौं घरलाई क्षति पुर्याएको छ, बाढीले हजारौं गाईवस्तु पनि मरेका छन्, सयौं हेक्टर कृषि योग्य जमिनमा क्षति, सयौं पुल र हजारौं रुखहरू नष्ट भएका छन्,' उनले थप बताए । प्रान्तभित्रका प्रमुख सडकहरू 'पूर्णरूपमा अवरुद्ध' भएका थिए । विश्व खाद्य कार्यक्रम र तालिबान अधिकारीका अनुसार उत्तरी बघलान प्रान्तमा गत हप्ता पनि आकस्मिक बाढीका कारण सयौं मानिसको मृत्यु भएको थियो ।

## पर्यटन मन्त्रीसँग पाल्पाका उद्योगी व्यवसायीहरुको छलफल

# पहिले हामी आफै सुध्रिऔं विकास हुन्छ : मन्त्री बस्नेत

**रामचन्द्र रायमाझी** —

**पाल्पा,** जेठ ५/लुम्बिनी प्रदेश सरकारका उद्योग, पर्यटन तथा सहकारी मन्त्री खड्ग बस्नेतले आफै सुध्रिए विकास स्वत: हुने बताएका छन् । पाल्पा उद्योग वाणिज्य संघले शनिबार तानसेनमा आयोजना गरेको स्वागत तथा छलफल कार्यक्रमलाई सम्बोधन गर्दै हामी आफै सुध्रिए विकास स्वत: हुने बताएका हुन् ।

मन्त्री बस्नेतले हामी आफु नसुध्रिने अरुले यो गरेन, उ गरेन भनेर आलोचना मात्रै गर्ने परम्पराले विकास कहिल्यै नहुने बताए । उनले भने, 'युवाहरु सबै विदेश गए केही भएन भन्छौं, २ सय ४० /५० मेगावट विजुली उत्पादन हुँदा पनि देश स्वर्ग थियो भन्ने, अब करिव ८ हजार पुग्न थाल्यो केही भा छैन भन्ने, सडक सञ्जाल सबैको घर-घरमा पुग्यो केही भा छैन भन्ने, पहिले त यही तानसेनबाट तम्घास पुग्न भिरबाट झुण्डिएर पुग्नु पथ्र्यो, अहिले त पिच भाको छ नि त्यही पनि केही भाको छैन भन्ने, गर्ने केही नाई विकास भएन भन्ने ? यस्तो गलत सोंचले कहिल्यै विकास हुँदैन । हामीले अब सकारात्मक तरिकाले सोच्न जरुरी छ ।' प्रदेश र संघीय सरकारको वेवास्ताका कारण



पाल्पामा ढाका र करुवाको विकास हुन नसकेको कार्यक्रममा सहभागीहरुले राखेको गुनासोलाई सम्बोधन गर्दै मन्त्री बस्नेतले बजेट विनियोजन गर्दा पनि काम गर्न चासो नदेखाउदा विकास हुन नसकेको बताए । उनले पाल्पामा पर्यटन क्षेत्रका १५ वटा योजना र घरेलु कार्यालयबाट अन्य तालिमका योजनाहरु समेत सञ्चालनमा रहेको उल्लेख गरे ।

मन्त्री बस्नेतले भने ' करुवाको तालिम लिने र दिने व्यक्ति नै नपाएको भन्ने धेरै उद्योगीहरुको गुनासो छ,तर तालिमका लागि आएको १५ लाख त्यतिकै गयो, अझै प्रदेश सरकारले गर्दै गरेको काम किन भएन भनेर आफुतिर फर्किएर हेर्दैनौं ।' उनले भएको बजेट खर्च नै नगर्ने अनि सरकारलाई गाली गर्ने गर्दा विकास हुन नसक्ने उल्लेख गरे । प्रदेश सरकारले अघिल्लो पटक पर्यटन क्षेत्रको लागि छुट्याएको बजेटको ३६ प्रतिशत मात्र कार्यान्वयन भएको मन्त्री बस्नेतले बताए । उनले भने ' भएको खर्च नगर्ने अनि प्रदेश सरकारले केही गरेन भनेर गाली गर्ने ? हामीमै त कमजोरी रहेछ । भएको किन खर्च नगर्ने ? त्यसैलाई शतप्रतिशत खर्च गरौन ।' हामीले घरदैलोमा विकास खोज्दा समस्या आएको मन्त्री बस्नेतले बताए । उनले परम्परागत योजनालाई तोडेर आधुनिक ढंगले पर्यटन क्षेत्रको विकास गर्ने योजना प्रदेश सरकारले बनाएको समेत बताए । मन्त्री बस्नेतले भने' टोलमा भएको विकासलाई मात्र पर्यटनको विकास भन्ने सोंच विगतमा रहेको थियो त्यसलाई तोडेर अब हामी पुरातात्विक महत्व र राष्ट्रिय पहिचान चिनाउने क्षेत्रमा लगानी गर्ने योजना बनाएका छौं ।' उनले पाल्पाको उद्योग, पर्यटन र सहकारीको विकासका लागि प्रथामिकता निर्धारण गरी साझा साधारण बनाएर ल्याएमा प्रदेश सरकारले पूर्ण सहयोग गर्ने समेत प्रतिवद्धता व्यक्त गरे । लुम्बिनी प्रदेशका सांसद खेम सारुले देशको अर्थतन्त्रमा नीजी क्षेत्रको महत्वपूर्ण योगदान रहेको बताए । उनले पाल्पाको ढाका, करुवाको विकास र प्रवर्द्धनमा प्रदेश सरकारले विशेष ध्यान दिएको उल्लेख गरे । सांसद सारुले भने ' प्रदेश सरकारले औद्योगीक ऐन बनाउने विषयमा छलफल चलाइरहेको छ । त्यसमा पाल्पाली ढाका र करुवालाई पनि जोड्ने गरी म आफैले पनि प्रयास गरेको छु ।' कार्यक्रममा उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य महोनप्रसाद श्रेष्ठ, तानसेन नगरपालिकाकी उपप्रमुख प्रतिक्षा सिंजाली , पाल्पा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष राजु महर्जन लगायतले पाल्पाको विकास पर्यटनबाट मात्रै सम्भव रहेकाले सोही अनुसार प्रदेश सरकारले ध्यान दिनुपर्नेमा जोड दिए ।

छलफलमा ढाका उद्योगका उपाध्यक्ष हरी रायमाझी, अनुशेष रायमाझी, डिभिजन वन कार्यालय पाल्पाका प्रमुख नारायणदेव भट्टराई, महासंघका सदस्य मुक्तिराम जिसी, होटल व्यवसायी, लक्ष्मण बस्याल, समाजसेवी राम कार्की, मदिरा व्यवसायी लक्ष्मण रेग्मी, व्यवसायी समत मियाँ लगायतले उद्योग, व्यवसायमा भएका समस्या र प्रदेश सरकारले नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयका बारेमा सुझाव समेत दिएका थिए ।

संघका अध्यक्ष शैलेन्द्र भट्टराईले संघले जिल्लाको विकासमा पुर्याएको योगदानका बारेमा जानकारी गराएका थिए । उनले सरकारको गलत नीतिका कारण उद्योगी व्यवसायीहरु समस्यामा परेकाले काम गर्ने वातावरण सिर्जना गरिदिन मन्त्री बस्नेतलाई आग्रह समेत गरे ।

कार्यक्रम संघका अध्यक्ष भट्टराईको अध्यक्षता, उपाध्यक्ष उत्तमकुमार ब्रजचार्यको धन्यवाद ज्ञापन र महासचिव समिरमान सिंहको सञ्चालनमा भएको थियो । यस्तै श्री ७ रणउजिरेश्वरी भगवती गुठी व्यवस्थापन समितिले पनि मन्त्रीसँग छलफल कार्यक्रम गरेको छ । उसले ऐतिहासिक भगवती मन्दिरको विकास र विस्तारमा प्रदेश सरकारको ध्यानाकर्षण गराउने उद्देश्यले मन्त्रीसँग छलफल गरेको हो । छलफलमा इतिहासका जानकार निर्मल श्रेष्ठले भगवती मन्दिरको इतिहासका बारेमा जानकारी गराएका थिए । मन्त्री बस्नेतले ऐतिहासिक भगवती मन्दिरको विकासमा प्रदेश सरकारले आवश्यक सहयोग गर्ने जनाएका छन् । समितिका अध्यक्ष अशोक महर्जनको अध्यक्षता, सचिव प्रकाश गोंगलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## तातो हावा 'लु' का असर तथा लक्षण

- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने,
- टाउको अत्याधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
- छाला सुख्खा, रातो र तातो हुने,

यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# शिक्षा सुधारको लागि २०२८ को कानुन परिवर्तन गर्नुपर्छ : सांसद गैरे

**कृष्ण पोखरेल** —

**पाल्पा,** जेठ ५/पाल्पा क्षेत्र नं. २ का प्रतिनिधिसभा सांसद ठाकुर प्रसाद गैरेले वर्तमान शिक्षा सुधाका लागि २०२८ को कानुन परिवर्तन गर्नुपर्ने बताएका छन् । सेन माध्यमिक विद्यालय तानसेन पाल्पाको ५६ औ वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहलाई सम्बोधन गर्दै सांसद गैरेले समग्र शिक्षा सुधारको लागि २०२८ को कानुन परिवर्तन गरी नयाँ कानुन ल्याउनु पर्ने बताएका हुन् ।

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रुपमा परिभाषित गरे पनि कानुन र बजेटको अभावमा संविधानको मौलिक धारा पूर्ण रुपमा प्रयोगमा आउन नसकेको सांसद गैरेको उल्लेख गरे । देशमा गुणस्तरीय प्रविधियुक्त शिक्षा भए विकास निर्माणदेखी



खोज अनुसन्धानका कामहरुमा प्रगती गर्न सकिने उनले बताए । विगतमा भन्दा अहिले सेन माविको शिक्षाको गुणस्तरमा सुधार भएकोमा सांसद गैरेले खुसी व्यक्त गरे । कार्यक्रममा लुम्विनी प्रदेश सदस्य इन्द्राकुमारी गहतराजले विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन तीनै तहका सरकार, शिक्षक, अभिभावक र विद्यार्थीले ध्यान दिनुपर्ने बताईन । विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै प्रधानाध्यापक भिमलाल बस्यालले १ करोड ९२ लाख ४१ हजार बराबरको आय व्यव सार्वजनिक गरे । विद्यालयमा जेहेन्दार, गरिव, दलित, आदिवासी तथा जनजाती बालबालिकाहरुको छात्रबृत्तिको लागि ९६ वटा अक्षयकोष रहेका प्रधनाध्यापक बस्यालले बताए । अहिले छात्रवृत्तिमा मात्र १९ लाख ३६ हजार अक्षयकोष रहेकोमा अधिकाश बालबालिकाहरुलाई छात्रपवृत्ति रकम बाटै कापी कलम लगायतका विद्यालयका सरसमानको लागि सहयोग पुगेको उनको भनाई छ । विद्यालयले शैक्षिक गुणस्तरलाई ध्यान दिंदै नियमित समय १० देखि ४ बजेसम्म बाहेक विद्यार्थीको अवस्था अनुसार विहानी र बेलुका कक्षा सञ्चालन गर्दै आएको, शिक्षण सिकाईसंगै जीवन उपयोगी व्यबहारिक शिक्षा प्रदान गर्दै आएको, कक्षा १० सम्मका बालबालिकालाई नियमित कम्प्युटर तथा साइन्स प्रयोगशाला अभ्यास गराउदै आएको, शिक्षणमा प्रविधिको प्रयोग गर्दै आएको जनाएको छ । ...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## विकास खर्चको कन्तबिजोग

सविधान अनुसार जेठ १५ गते नै बजेट ल्याउनुपर्ने प्रावधान छ । तर, चालु आर्थिक वर्षका लागि सरकारले ल्याएको बजेट कार्यान्वयनको हविगत भने टिठलाग्दो छ । हरेक वर्ष सरकारले विकास बजेटलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए पनि व्यवहारत लागू भएको देखिँदैन । आर्थिक वर्षको सुरु (साउन)बाटै बजेट खर्च गर्ने आधार तयार पार्नकै लागि प्रत्येक वर्षको जेठ १५ गते संघीय संसदमा बजेट पेस हुनैपर्ने सवैधाकि व्यवस्था गरिएको हो । तर, प्रत्येक वर्ष समयमै विकास बजेट खर्च दर खिइँदै र जेठ–असारमा पोख्ने प्रवृत्ति झाँगिदै गएको छ । पुँजीगत बजेट र सार्वजनिक खर्च दर बढाउँदै समाजवादतिर अघि बढ्ने उद्देश्यसहित साउन महिनाको पहिलो दिन नयाँ आर्थिक वर्षका लागि बजेट ल्याउने पुरानो व्यवस्था बदलिए पनि विकास बजेट खर्चको दयनीय अवस्था सुध्रिएन । जेठमा बजेट ल्याउँदा दशैंअघि नै आयोजनाहरूको ठेक्का लागेर हिउँद लाग्नासाथ विकासका कामले गति लिने अपेक्षा थियो । राजनीतिक अस्थिरतालाई दोष दिएर विकास खर्च नभएको भन्ने सबै दल पालैपासो सत्तामा पुग्दा पनि विकास खर्चको प्रवृत्ति बदलिन सकेन ।

चालू आर्थिक वर्ष २०८०/८१ को १० महिना सकिइसकेको छ । अब जम्माजम्मी दुई महिनाको समयावधिमात्रै बाँकी हुँदा विकास खर्चको प्रतिशत भने निकै दयनीय देखिएको छ । महालेखा नियन्त्रक कार्यालयमार्फत प्राप्त पछिल्लो तथ्याङ्कलाई हेर्दा आर्थिक वर्षको उत्तरार्धसम्ममा केवल ३७ प्रतिशतको हाराहारीमा मात्रै विकास खर्च भएको छ । चालू वर्षका लागि पुँजीगतरुपमा संघीय सरकारले ३ खर्ब २ अर्बको हाराहारीमा खर्च गर्ने उद्देश्य राखे पनि बितेका १० महिनामा केवल १ खर्ब १२ अरबको हाराहारीमा मात्रै खर्च गरेको छ, जुन उद्देश्यभन्दा आधा कमको अवस्था हो । यसवर्षका लागि सरकारको १७ खर्ब ५१ अर्बको बजेटको आकार छ, जसमा हालसम्म १० खर्बमात्रै खर्च हुन सकेको छ जुन ६० प्रतिशतको हाराहारी हो । यो अत्यन्त दुखको कुरा हो । सरकारले विकास र समृद्धिको लक्ष्यलाई प्रभावकारी ढंगले अगाडि बढाउने हो भने बजेट कार्यान्वयनमा गम्भीर बन्न जरुरी छ ।

### Opinion @ Social Network

एउटा असफलता पनि अर्को,
नयाँ सफलतामको सुरुवात हुन् सक्छ ।
*(सम्झना परिवारको फेसबुकस्टाटस https://www.facebook.com/samjhana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# छिमेकीबाट केही राम्रा कुरा सिकौं



मेघनाथ दाहाल

*हिजोको गरिब चीनका कथाहरू एकादेशको जस्ता हुन पुगेको छन् । विगत २० वर्षमा चिनियाँहरूले प्राप्त आर्थिक क्षेत्रमा गरेको सफलतामा हामीमात्र नभएर विश्वका धेरै अन्य मुलुकहरूले पनि सजिलै विश्वास गर्न नसक्ने किसिमका छन् । कटुसत्य सबैले स्वीकार गर्नैपर्ने हुन्छ । चिनियाँले हासिल गरेको यो सफलताका पछि राजनीतिक वादप्रतिवाद, मिहिनेतको परिणाम मात्र भएको हो । यस कुरालाई धेरै कममात्र नेपाली जो आफूलाई समाजवादी हुँ भन्नेले स्वीकार गर्ने गरेका छन् । आजको विषम परिवेशमा पहिलो मुलुक जसले १०/१५ वर्षको अन्तरालमा २० करोडभन्दा बढी मानिसहरूको जीवनस्तर निरपेक्ष गरिबीबाट माथि उकास्न सफल भए । सन् २००० र २०२० को चीन आकाश पातालको फरक स्थितिमा देखिएको छ । यो २० वर्षमा चिनियाँहरूले विकास गरेको भौतिक पूर्वाधारका क्षेत्रको उन्नति र प्रगतिका कथा संसारभर उदारहण बनेका छन् । परियोजनाको छनौट, कार्यान्वयनमा देखिएको चुस्तता, लागत लाभको परिपक्वताले मात्र सफलता हाँसिल हुने गर्दछ । चिनियाँहरूको सबै क्षेत्रमा गरेको उन्नतिका पछि जनताको लगनशीलताको साथमा सरकारको दृढ विश्वास तथा परियोजनाहरूको सयमभित्रै सफल कार्यान्वयनमा देखिएको जागरुकता पनि हो ।*

विश्वव्यापीकरणले गर्दा विश्वको भूगोल खुम्चिएको छ । मानिसहरू नजिक भएका छन् । प्रविधि जोकोहीको पहुँचमा सजिलै उपलब्ध भएको छ । थोरै किन्ने हैसियतको विकासका लागि आयस्तरमा विस्तार गर्नुपर्ने छ तैपनि सजिलै पाइन्छ । वैयक्तिक स्वभावले मानिस एक्लिरहेका छन् । हामी धेरै कुरा अन्य संस्कृतिको नक्कल गर्नेमा अगाडि छौं । राजनीतिक भेला, चिया गफ, जक्सन एवं भट्टी पसलदेखि मान्य नागरिकका समान्य, भोजभतेरदेखि भिभिआइपीमाझ विश्व ब्रफमाण्डका कुरा गर्न हामी पछि पर्दैनौं । नेपाली समाजलाई काम लाग्ने कुरा जिकैका उत्तर तथा दक्षिणतिरका छिमेकीसँग सिक्नसके हालको अवस्थामा काफी हुनेछ । उनीहरूले विकास गरेको स्थिर राजनीतिक संस्कृति, आर्थिक विकासका सफल नमुना हो । सामजिक, भौतिक पूर्वाधारको रूपमा विकसित हुँदै गरेका संरचना तथा सञ्जालका बारेमा किन घोत्लिन सकेनौं ? राजनीतिमै अल्झेरका छौं ? यसको अन्तिम सत्य भनेको आममानिसको जीवनस्तरमा आउने सकारात्मक परिवर्तन हो भनेर स्वीकार गर्न सकेनौं । उत्तर अमेरिकी मुलुक हुन् वा युरोपियन तथा पूर्वी एशियाका मुलुक नै किन नहुन्, सबैले मौलिक अवस्था सुहाउँदो विकासको मोडल कार्यान्वयन गरेकाले उनीहरू आज यस अवस्थामा पुगेका हुन् ।

भारतीय अर्थतन्त्रको विगत दुई दशकको वृद्धिदर औसतमा वार्षिक सातदेखि आठ प्रतिशतमा कायम रहन सक्यो भने यो अंक तीन/चार प्रतिशतमा नेपाल कायम रहनसकेको छैन । भारतको वृद्धि निरन्तर राम्रो भए तापनि असमानता धेरै बढेर गएको छ । पूर्वाधार, आइटी सबै किसिमका उद्योगधन्दाको स्थापनामा सफल भएको छ । निर्यात निरन्तर बढ्दो, आन्तरिक अवस्था मजबुत छ । बेलायत र जर्मनलाई जिडिपीमा पछि पार्दै अब जापानलाई पनि उछिन्ने दौडमा छ । यतिमात्र नभएर आर्थिक तथा वैदेशिक नीतिगत स्पष्टता तथा कार्यान्वयनको अवस्था राम्रो छ । आर्थिक पक्षले गति लिन राजनीतिक गतिविधिसँग जोडिएको प्रशासनिक अवस्थाको संस्थागत विकास र विस्तारमा प्रमुख राजनीतिक दलबीचमा मतैक्यता हुन जरुरी छ । यस कुरालाई भारतले राम्रोसँग बुझेको मात्र नभएर तयार पनि देखिएको छ । धेरै अफ्ठ्याराबीच जसरी भारत र भारतीयहरूको अथक मिहिनेतले शैक्षिक प्राविधिक, व्यापारको क्षेत्रमा गरेको उन्नतिले विश्वमा आफ्नो उपस्थिति दिनानुदिन मजबुत बनाउँदै लगेको छ । समस्या हुँदै नभएको भन्न खोजिएको होइन ।

भारतमा विविध सामाजिक, सांस्कृतिक, राजनीतिक, भौगोलिक तथा सुरक्षासम्बन्धी धेरै संवेदनशील किसिमका समस्या छन् । यति हुँदाहुँदै आर्थिक क्षेत्र तारिफयोग्य छ । दक्षिण एशियाको सानो पहाडी मुलुक हो भुटान । भुटान भूपरिवेष्ठित मात्र नभएर भारतीय शासन-प्रशासनको नजिक भए चलिरहेको छ । भारतको सहयोग अन्य मुलुकको भन्दा माथि छ भुटानलाई । विकास, सामाजिक र सांस्कृतिक सूचकांकमा पछिपरेको भुटानले विगत २०/२२ वर्षको दौरान हासिल गरेको उपलब्धि लोभलाग्दो छ । शिक्षा, स्वास्थ्य, पूर्वाधार, आर्थिक वृद्धि, प्रतिव्यक्ति आम्दानीजस्ता पक्षमा नेपालभन्दा धेरै माथि छ ।

जनसंख्या तथा भूगोल जेजस्तो भए तापनि व्यवस्थापकीय विषयमा मुलुकलाई स्थिरतातर्फ लैजानु, आन्तरिक तथा बाफय स्रोतसाधनको परिचालनमा भएको चुस्तताले विकासको गति लक्ष्य तथा गन्तव्य हासिल हुनसकेको हो । भुटान र नेपालबीच भुटानी शरणार्थीको समस्या समाधान हुन नसकेपछि तेस्रो मुलुकमा स्थापना गरिएको धेरै भइसकेको छ । पछिल्लो समयमा खास गरी जलविद्युत् र पूर्वाधारमा भएको उच्चस्तरको लगानीले अर्थतन्त्र बचत हुन पुगेको छ । राजनीतिक रूपमा राजतन्त्रात्मक मुलुक भए तापनि वरिपरिका देश खासमा भारत र भारतीयहरूको प्रभाव भुटानमा स्पष्ट देख्न सकिन्छ । सन् १९५० को दशकमा चीनमा विद्यमान गरिबी, असमानता तथा भोकमरीको तथ्यांक हेर्ने हो भने हाम्रो आङ जिरिंग हुने किसिमको थियो । मात्र ७० वर्षपछि अझ भन्ने हो भने सन् १९८० को दशकपछि चीनले विश्वको आर्थिक क्षेत्रमा देखाएको बाटो र सफलताको कथा सबै मुलुकका लागि उदारहणको बनेको छ । हिजोको गरिब चीनका कथाहरू एकादेशको जस्ता हुन पुगेको छन् । विगत २० वर्षमा चिनियाँहरूले प्राप्त आर्थिक क्षेत्रमा गरेको सफलतामा हामीमात्र नभएर विश्वका धेरै अन्य मुलुकहरूले पनि सजिलै विश्वास गर्न नसक्ने किसिमका छन् । कटुसत्य सबैले स्वीकार गर्नैपर्ने हुन्छ । चिनियाँले हासिल गरेको यो सफलताका पछि राजनीतिक वादप्रतिवाद, मिहिनेतको परिणाम मात्र भएको हो । यस कुरालाई धेरै कममात्र नेपाली जो आफूलाई समाजवादी हुँ भन्नेले स्वीकार गर्ने गरेका छन् । आजको विषम परिवेशमा पहिलो मुलुक जसले १०/१५ वर्षको अन्तरालमा २० करोडभन्दा बढी मानिसहरूको जीवनस्तर निरपेक्ष गरिबीबाट माथि उकास्न सफल भए । सन् २००० र २०२० को चीन आकाश पातालको फरक स्थितिमा देखिएको छ । यो २० वर्षमा चिनियाँहरूले विकास गरेको भौतिक पूर्वाधारका क्षेत्रको उन्नति र प्रगतिका कथा संसारभर उदारहण बनेका छन् ।

परियोजनाको छनौट, कार्यान्वयनमा देखिएको चुस्तता, लागत लाभको परिपक्वताले मात्र सफलता हाँसिल हुने गर्दछ । चिनियाँहरूको सबै क्षेत्रमा गरेको उन्नतिका पछि जनताको लगनशीलताको साथमा सरकारको दृढ विश्वास तथा परियोजनाहरूको सयमभित्रै सफल कार्यान्वयनमा देखिएको जागरुकता पनि हो । आज अमेरिका र चिनियाँ दुईवटा बजारलेमात्र विश्व अर्थतन्त्रमा सबैभन्दा ठूलो हिस्सा ओगट्ने गरेको छ । सन् १९८७ मा बंगलादेशमा फैलिएको भोकमरीले लाखौं मानिसको अकाल मृत्यु भएको थियो । आर्थिक र व्यावसायिक क्षेत्रमा फट्को मार्न नसक्ने हो उपलब्धि फिका हुने हो । सानो भूगोल तर अत्यन्त ठूलो जनसंख्या र बहुसंख्यक मुसलमान धर्म मान्नेहरूको उपस्थितिले जनसंख्या वृद्धिमा भूमिका खेलेको थियो । बंगलादेशले पछिल्लो २० वर्षमा हासिल गरेको उन्नति लोभलाग्दो छ । शिक्षा, स्वास्थ्य, महिला हकअधिकार एवं रोजगारीमा गरेको प्रगति लोभलाग्दो छ । जनसंख्या नियन्त्रणमा धर्म बाधक बनेकाले महिला रोजगारलाई बढावा दिँदा यो समस्या धेरै हदसम्म कम भएको छ । अधिकांश भूभागमा पानीले डुबाउने भए तापनि विकासको बाटोमा नेपालभन्दा माथि छ । समस्या त यो मुलुकमा पनि कम भएका होइनन् तर विभिन्न उपायको खोजीमा लागिपरेका छन्, सफल पनि देखिएका छन् । कोभिडपछि ठूलो आर्थक संकटबाट गुज्रिएको श्रीलंका विस्तारै सुधारको बाटोमा लम्किरहेको छ । राजनीतिक रूपमा स्थिर छ । मानव पुँजीमा दक्षिण एशियमा सबैभन्दा माथि छ । केही नीतिगत अष्पष्टता र अन्योलता आर्थिक रूपमा छट्पटाएको यो मुलुकले अबको केही वर्षमै आफ्नो लय लिनेमा सबै ढुक्क देखिन्छन् । श्रीलंकाको भूगोल आर्थिक विकास तथा विस्तारका लागि निकै उपयुक्त मानिन्छ । खुला सामुद्रिक तट तथा उर्वर भूमि भएकाले सबै किसिमका कृषि पैदावार तथा उद्योगमार्फत बजारमा आउने वस्तु सस्तो देखिन्छ । अन्त्यमा, युरोप वा अमेरिकी मुलुकहरूको मात्र कुरा गर्ने हाम्रो परिपाटीमा वरिपरिका हामीभन्दा कमजोर मुलुकहरूले पनि विगत दुई दशकमा कसरी विश्वमा आफ्नो उपस्थिति मजबुत बनाउन सके भन्ने कुरालाई बिर्सनु हुँदैन । विगत दुई दशकमा फोहोरी राजनीतिमा मात्र ध्यान पुऱ्याउँदा बाँकी सबै पक्ष फिक्का हुँदै मुलुक असफल हुने हो कि भन्ने विषयमा ध्यान केन्द्रित हुन आवश्यक छ । ***-इहिमालयन टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा ढिलासुस्ती हुनसक्छ । पढाइलेखाइमा पनि बाधा पुग्नेछ । | **तुला**: अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । सरकारी निकायको भय रहनेछ । |
| **वृष** : नियमलाई बेवास्ता गर्दा चुनौती लाग्छ । प्रतिस्पर्धामा विजयी भइनेछ । | **वृश्चिक** : स्वास्थ्यमा प्रतिकूलता रहन सक्नेछ । सजग रहनु उचित हुने देखिन्छ । |
| **मिथुन** : धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । महिलाबाट सहयोग मिल्नेछ | **धनु** : वैदेशिक कार्य अघी बढ्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । |
| **कर्कट** : शिक्षामा सफलता मिल्नेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ । | **मकर** : प्रगतिमा मन रमाउनेछ । कार्य वा रोजगारको अवसर मिल्नेछ । |
| **सिंह** : कला तथा साहित्यमा रुचि बढ्नेछ । वैदेशिक कार्य अघि बढ्ला । | **कुम्भ** : भकार्यको चर्चा चल्नेछ । र मणीय र सुखद् यात्राको योग छ । |
| **कन्या** : सही निर्णय लिन सकिनेछ । घर जग्गाको कारोबारमा सफलता मिल्नेछ । | **मीन** : मनमा शान्ति छाउनेछ । घुमफिर यात्राका विशेष अवसर मिल्ने छन् । |

## कृषि

# एक हजार घरमा 'कौसीखेती'



बनेपा नगरपालिकाले सहरी क्षेत्रका नागरिकका लागि 'कौसीखेती' प्रवर्द्धन गर्ने कार्यक्रमलाई तीव्रता दिएको छ । नगर कृषि शाखाले कौसीखेती तालिम सकेर कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाउन नगरस्थित वडा नं ७ बाट तालिम प्राप्त परिवारका महिलालाई आवश्यक सामग्री एवं बीउबिजन वितरण थालेको छ ।

उक्त शाखाले कौसीखेती प्रवर्द्धनका तीन वर्षको अवधिमा एक हजार परिवारका नागरिकलाई तालिम दिएको थियो । तालिमप्राप्त व्यक्तिका लागि कौसीखेती गराउने उद्देश्यले खेती गर्न आवश्यक पर्ने सामग्री क्रमश: वडागत रुपमा वितरण गर्दै जाने कृषि प्राविधिक कमला हुमागाईले बताए । उनका अनुसार विशेष गरी नगरको सहरी क्षेत्रमा पर्ने वडा नं ४, ५, ६, ७, ८, ९, १० र १३ का एक हजार घर परिवारका लागि ग्रो-ब्याग चार हजार थान, कम्पोष्ट मल दुई हजार प्याकेट, कोकोपिट दुई हजार, एक हजार हजारी र एक हजारलाई बीउबीजन वितरण गरिनेछ । शाखाका अनुसार कौसीखेतीका लागि सबैभन्दा धेरै वडा नं ८ मा तीन सय, ७ मा दुई सय ७०, ९ का एक सय २५, ४ का ३०, ५ का ७५, ६ का २५, १० का ७५, १३ का ५० र अन्य ५० जना गरी एक हजार जनाले विभिन्न तरकारी एवं फलफूलका तालिम लिएका थिए ।

नगरले कौसीखेतीका लागि प्रोत्साहन स्वरुप नि:शुल्क तालिम सुरु गरेसँगै एक हजार महिला यस खेतीमा आबद्ध भएका हुन् ।'छोराछोरीलाई झोलामा हैन माटोमा तरकारी फल्छ भनेर सिकाउन पनि कौसीखेतीले सघाएको छ, खेतीमा चलाउमान भइरहँदा आफ्नो रोगलाई समेत कम गराएको छु', बनेपा-७ को जमुना घिमिरेले भने । उनले विशेष गरी आफ्नै कौसीमा साग, धनिया, मेथी, लट्टेको साग, लसुन, प्याजलगायत तरकारी फलाउने गरेको सुनाए । बनेपा नगर प्रमुख शान्तिरत्न शाक्यले आफ्नै घरको छतमा फलेका तरकारी र फूल हेरेर तनाव व्यवस्थापनमा सहयोगी भएको बताउन्छन् । 'कुहिने र नकुहिने फोहर व्यवस्थापन गरेर त्यसबाट मोहोर कमाउने योजनाअनुसार कौसीखेती कार्यक्रम सञ्चालन गरेका हौँ', उनले भने ।

उपप्रमुख विमला सापकोटाले फुर्सदको समयमा कौसीखेतीमा ध्यान दिँदा तरकारीमा खर्च हुने पैसासमेत जोगिने बताए । उनले खुर्सानी, कागती, धनिया, साग, काक्रो, फर्सी-मुन्टा र पुदिना कौसीखेतीका मुख्य आकर्षण भएको बताए । बनेपामा घरका तर जमिन नभएकालाई कौसीखेती उपयोगी भएको उनको अनुभव छ । *-रासस*

# कृषि यान्त्रिकीकरण: किसानलाई अनुदानमा ट्याक्टर



गोदावरी 'कैलाली' जिल्लाको चुरे गाउँपालिकाले व्यावसायिक रुपमा कृषिमा आबद्ध किसानलाई हाते ट्याक्टर वितरण गर्ने भएको छ । गाउँपालिकाले चालु आर्थक वर्षमा २३ जना किसानलाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण गर्ने भएको हो । गाउँपालिकाका छवटै वडाबाट ५८ जना किसानले हाते ट्याक्टर अनुदानका लागि निवेदन दिएकामा २३ जनालाई ट्याक्टर वितरण गरिने कृषि शाखा प्रमुख दीपकराज पाण्डेयले बताए । सौँय सरकारको अनुदान कार्यक्रमअन्तर्गत सो गाउँपालिकाका छवटै वडाबाट छनोट भएका ती किसानलाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण गरिन लागेको उनले बताए । किसानलाई अनुदानमा प्रति किसान रु एक लाख २५ हजारको लागतमा हाते ट्याक्टर वितरण हुन लागेको हो । कृषिको आधुनिकीकरण तथा उत्पादन लागत घटाई उत्पादन बढाउने उद्देश्यले किसानलाई हाते ट्र्याक्टर उपलब्ध गराइने कार्यक्रमलाई प्राथमिकताराखेको गाउँपालिका अध्यक्ष चक्रबहादुर बोगटीले बताए । चुरे गाउँपालिका अदुवा, सुन्तला, कृषि, पशुपालनको पकेट क्षेत्रका रुपमा चिनिँदै आएकाले कृषकलाई व्यावसायिक रुपमा कृषिमा आत्मनिर्भर बनाउने नीति गाउँपालिकाले लिएको उनले बताए । कृषि शाखाले चुरे गाउँपालिकाका कृषकलाई अनुदानमा उन्नत जातका बीउबिजन, तरकारीराख्ने क्यारेट, विषादीलगायत सामग्री वितरण गरिसकेको जनाइएको छ ।

यसैगरी गाउँपालिकार जिआइजेडको लागत साझेदारीमा किसानको मागलाई ध्यानमाराखेर गाउँपालिकामा माटो परीक्षण ल्याब सञ्चालन गर्ने भएको छ । लागत साझेदारीमा चालु आवभित्रै सिँचाइका लागि गाउँपालिका छवटै वडामा दुई सय वटा सिमेन्ट ट्याङ्की, दुई वटा पोखरी, दुई वटा हाइटेक नर्सरी निर्माण गरिने चुरे गाउँपालिकाले जनाएको छ । *-रासस*

# माग बढेपछि जुनेलो र फापरको खेती गर्दै किसान

बजारमा माग बढेपछि पश्चिम म्याग्दीको ग्रामीण क्षेत्रका किसान जुनेलो र फापरको व्यावसायिक खेतीमा लागेका छन् । जिल्लाको मंगला, मालिका र धौलागिरि गाउँपालिकाका एक दर्जनभन्दा बढी पहाडी गाउँका किसान व्यावसायिक खेतीमा लागेका हुन् । पछिल्लो समय बजारमा जुनेलो र फापरको माग ह्वात्तै बढेको छ । विशेषगरी सहरिया उपभोक्ताको दैनिक उपभोग्य वस्तुको रुपमा जुनेलो र फापरको परिकार बन्ने गरेको छ । त्यसैले ग्रामीण क्षेत्रमा किसानले यी वस्तुको व्यावसायिक खेती सुरु गरेका छन् । दुई/चार वर्ष अघिसम्म सहर बजारमा यी वस्तुलाई अखाद्य वस्तुको रूपमा हेरिन्थ्यो, त्यसले खेती पनि क्रमश: कम हुँदै गएको थियो । तर, पछिल्लो समय माग बढ्दै गएपछि खेती बढाएको मालिका गाउँपालिका वडा नं २ का किसान टेकबहादुर विकले बताउनुभयो । पश्चिम म्याग्दीका प्राय: सबै गाउँहरुमा जुनेलो र फापर खेती हुने भए पनि पछिल्लो समय किसानहरुले खेती गर्न छोडेका थिए । तर विगत पाँच वर्षयता बजारमा जुनेलो, फापर, भाँगो र रातो सिमीको माग बढ्दै गएपछि किसानहरुले अरु बाली छोडेर बजारमा विक्रीहुने र राम्रो मूल्य पाइने भाँगो,जुनेलो र फापरको खेती विस्तार गरेका विकले जानकारी दिए । 'केही वर्ष अघिसम्म जुनेलो खासै बिक्री हुँदैन थियो, त्यसैले खेती गर्न छोडेका थियौं, तर अहिले घरमै खरिद गर्ने व्यापारी आउने गरेका छन्' विकले भन्नुभयो । विकलगायत रुमका प्राय: सबैले भाँगो, जुनेलो र फापर खेती गरेका छन् । जुनेलो बजारमा प्रतिपाथी रु चार सयका दरले विक्री हुने उनले बताए । त्यसैगरी फापरको पनि बजारमा माग बढेको छ । विशेषगरी उपभोक्ताले तिते फापर खोज्ने भएकोले किसानले पनि तिते फापरकै खेती बढाएका छन् । पहिले पहिले गाउँघरमा सागको लागि तिते फापर खेती गर्ने गरेको किसान बताउँछन् । तर, पछिल्लो समय बाली लिनकै लागि खेती सुरु गरिएको मंगला गाउँपालिका ५ की गोमा रोकाले बताए । 'हाम्रो बारीमा पहिले तिते फापर फल्दैन थियो,' रोकाले भने 'आफैंले खाजामा रोटी खानका लागि मिठे फापर लगाइन्थ्यो ।' दुई वर्षयता मिठेको साटो तिते फापरको खेती गर्न थालेको उनले बताए । 'घट्टा वा मिलमा पिँधेको फापरको मिठोसँग चामल साटिन्छ,' उनले भने 'बजारमा पनि फापरको उच्च माग रहेको छ ।'गाँउमा उत्पादन भएको फापर एक पाथीको दुईसय देखि तीनसय रुपैयाँ सम्ममा बिक्री हुने गरेको उनले बताए ।

**-इहिमालय टाइम्स डटकम**

# तराईको गर्मीमा पनि फल्यो लटरम्म स्याउ



तराईको प्रचण्ड गर्मीमा स्याउ फल्यो भनेको सुन्दा अचम्म लाग्नसक्छ, तर कैलालीको लम्कीचुहा नगरपालिका-९ प्रतापपुरका एकजना किसानको बगैँचामा लटरम्म स्याउ फलेका छन् ।

चिसो हावापानी भएको ठाउँमा मात्रै स्याउखेती हुँदै आए पनि तराईको गर्मीमा किसान गोकर्ण ओलीले लटरम्म स्याउ फलाएका हुन् । किसान ओलीले फलाएका 'हर्मन ९९' जातको स्याउ ४८ डिग्री सेल्सियस तापक्रम भएको ठाउँमा लगाउन सकिन्छ । उनले तीन बिघा जग्गामा व्यावसायिक रूपमा नै स्याउखेती गरे का छन् । कैलालीमा उनले पहिलोपटक व्यावसायिक रुपमा नै स्याउखेती गरेका छन् । विसं २०७८ माघमा ओलीले भारतको हिमांचल प्रदेशको विलासपुरबाट स्याउका बिरुवा ल्याएर रोपेका हुन् । रोपेको एक वर्षमा नै सबै बोट फुलेका बताउँदै उनले भने, 'अहिले फुलेको स्याउलाई औषधि हालेर झारेको छु, अघिल्लो वर्ष पनि परीक्षणका रूपमा २० बोटमा मात्र फलाएको थिएँ, अहिले पनि तीस-चालीस बोटमा मात्र फलाएको छु ।' उनका अनुसार बिरुवा लगाएको दुई वर्ष पूरा भएको छ, अर्को वर्षदेखि एक बोटबाट आठदेखि १० किलोग्रामसम्म आम्दानी लिन सकिनेछ । बिरुवा लगाएको तीन वर्षपछि मात्रै आम्दानी गर्न सकिन्छ भने पा'च वर्षपछि भने एउटै बोटमा ५० देखि एक सय किलोग्रामसम्म स्याउ फल्ने गर्दछ । तराईका क्षेत्रमा नौलो मानिएको स्याउखेतीका लागि हालसम्म ८० लाख लागत लागिसकेको ओलीले बताए । ओलीले स्याउसँगै अम्बा र बयर पनि रोपेका छन् । एक हजार दुई सय स्याउ, पाँच सय अम्बा र एक सय बयर उनले लगाएका छन् । शराईमा पनि स्याउ फल्ने विषय इन्टरनेटका माध्यमबाट थाहा पाएको बताउँदै ओलीले भने, 'कृषि निर्देशक यज्ञराज जोशीको सल्लाहले मैले यो खेती गर्ने हौसला पाएँ र मलाई काम गर्न सहयोग मिल्यो ।' हाललाई अम्बा र बयर बेचेर आम्दानी गरिरहेका ओलीले स्याउको बेर्नाबाट पनि आम्दानी लिइरहेका छन् । प्रतिबेर्ना रु तीन सयका दरले बेचेको बताउँदै उनले भने, 'हालसम्म एक हजार आठ सय बेर्ना बेचिसकेको छु ।' ओलीका अनुसार सिरहा, सप्तरीलगायत तराई क्षेत्रबाट र सिन्धुपाल्चोकबाट पाँच सय बिरुवा किन्न किसान आएका थिए तर पहाड क्षेत्र भएकाले बेर्ना बेचिएन । ओलीले प्रदेश कृषि निर्देशनालय र कृषि ज्ञान केन्द्र कैलालीबाट रु १५ लाख अनुदानसमेत पाएका छन् । स्याउखेती गर्दाको सुरुआतमा नै बिरुवा खरिदका लागि प्रदेश कृषि निर्देशनालयले रु चार लाख दिएको बताउँदै उनले भने, 'कृषि ज्ञान केन्द्र कैलालीले तारबारका लागि रु ११ लाख पचास हजार अनुदान दिएको थियो र हाल सिँचाइका लागि ज्ञान केन्द्रले रु चार लाख २८ हजार अनुदान दिएको छ ।' विगतमा कञ्चनपुरको भीमदत्त नगरपालिका-४ भासीमा बस्दै आएका ओली स्याउखेती गर्नका लागि कैलालीको प्रतापपुरमा आएका हुन् । उनले रु एक करोड ४६ लाखमा जमिन खरिद गरी स्याउखेती थालेका हुन् । सुरुमा तराईमा स्याउ लगाउनेभन्दा छिमेकीले विश्वास नगरे पनि अहिले बगैँचामा फलेको स्याउ हेर्न विभिन्न ठाउँबाट मानिस आउने गरेका छन् । आफूले गरेको खेती सफल भएमा त्यसलाई बढाउँदै लैजाने उनले बताए । *-रासस*

# विषादी प्रयोगबारे सचेत बन्दै किसान



रासायनिक मलको प्रयोगले मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल प्रभाव पार्ने भएकाले कैलालीका किसान जैविक विषादीको प्रयोग गर्न थालेका छन् । कैलालीका किसानले रोग कीरा नियन्त्रण गर्न रासायनिक विषादीको साटो जैविक विषादीको प्रयोग गर्न थालेका हुन् । विगतमा तरकारीमा कीरा लागेमा रासायनिक विषादी प्रयोग गर्ने किसान आजभोलि स्वास्थ्य, वातावरण र माटो सुरक्षाका लागि सचेत बन्न थालेका छन् । तरकारी तथा अन्नबालीमा रोग कीरा लाग्यो की बजारबाट रासायनिक विषादी ल्याएर प्रयोग गर्ने गोदावरी नगरपालिका-४ बास्कोटाकी दुर्गा मल्ल आजभोलि घरमै जैविक विषादी बनाएर प्रयोग गर्ने गरेको बताउँछिन् । 'बाली बिरुवामा विनाशकारी कीरा, सुलसुले, जुका, चिप्लेकीरा, शङ्खेकीरा, मुसा, चरा, अवान्छित झार तथा रोग सार्ने सूक्ष्म जीवाणु ढुसी, ब्याक्टेरिया, भाइरसलगायतको समस्या रहन्छ', उनी भन्छिन्, 'विगतमा यी प्राणीलाई नाश गर्न रासायनिक विषादी प्रयोग गर्ने गरिन्थ्यो, आजभोलि घरमै बनाएर जैविक विषादी प्रयोग गर्ने गरेका छौँ ।' गोदावरी-४ खैरानाकी रेश्मीदेवी चौधरीले रोग कीरा लाग्यो की आफ्नै घरमा बनाएको जैविक विषादी प्रयोग गर्छिन् । 'रासायनिक विषादीले गर्ने असरबारे जानकार थिइनँ, त्यसैले जथाभाबी प्रयोग गरिरहेकी थिएँ', रेश्मीदेवीले भनिन्, 'आजभोलि विषादी प्रयोगबारे सचेत भएकी छु । विषादी प्रयोगमा सावधानी नअपनाएमा वा उचित रूपमा उपयोग नगरिएमा यसले उपयोगकर्ता, मानिस, घरपालुवा पशु, वन्यजन्तु र लाभकारी कीरालाई समेत हानी पुऱ्याउँछ भनेर घरमै बनाएको विषादी प्रयोग गर्न थालेकी हुँ ।' किसानले जैविक विषादीका साथै मोहनी पासोसमेत थापेर कीरा नियन्त्रण गर्ने अभ्यास गरिरहेका छन् । यसले पनि बारीमा लगाएको बाली बचाउन सकिने उनीहरू बताउँछन् । 'जैविक विषादी तथा विभिन्न किसिमका पासोहरू थापेर कीरा नियन्त्रण गर्न सकिएन भने मात्र अलिकति रासायनिक विषादी प्रयोग गर्छौं, नभए गर्दैनौँ', चुरे गाउँपालिका-३ काफल गैराका तेजबहादुर बोहराले भने, 'जैविक विषादी प्रयोग गर्नु मानव स्वास्थ्यका लागि राम्रो हो । लामो र स्वस्थ जीवनका लागि जैविक विषादीको प्रयोग गर्नुपर्छ ।' जैविक विषादी खर्चका हिसाबले पनि राम्रो, मानव स्वास्थ्यलाई पनि हानी नगर्ने हुँदा जैविक विषादी प्रयोग गर्ने गरेको काफल गैराकै किसान मीनबहादुर शाहीको भनाइ छ । 'मोहनी पासो र फेरोमन ट्रयापलगायतका प्रविधि कीरा नियन्त्रणमा प्रयोग गरिरहेको छु', उनले भने, 'तरकारीमा किसानले नजानेर धेरै विषादी प्रयोग गर्ने रहेछन्, यसबाट मानव स्वास्थ्य संकटमा पर्छ ।' सहजपुरका किसान डबलबहादुर खडायत पनि २०५८ सालदेखि तरकारी तथा फलफूल खेती गरिरहेका छन् । उनले पहिले तरकारी तथा फलफूल खेतीमा रोग, कीरा लागेमा रासायनिक विषादी किनेर प्रयोग गर्थे । तर अहिले उनले जैविक विषादीबाहेक आफ्नो बारीमा अरु विषादी प्रयोग गर्दैनन् । 'घर वरिपरि पाइने झारपातको प्रयोग गरेर विषादी बनाउँछु', उनी भन्छन्, 'गाउँघरमा अहिले किसानले रासायनिक विषादी प्रयोग गर्न थाले यो नराम्रो हो भनेर सिकाउन समेत थालेको छु । रासायनिक विषादी प्रयोगले फाइदाको साटो बेफाइदा गरिरहेको छ ।' कैलालीको चुरे गाउँपालिकाले पनि रासायनिक विषादीको साटो जैविक विषादी प्रयोगमा किसानलाई प्रोत्साहन गरिरहेको छ । जैविक विषादीबारे पालिकाका सबै किसान जानकार भएमा सहज हुने चुरे गाउँपालिका कृषि शाखा प्रमुख दीपक पाण्डे बताउँछन् । रासायनिक विषादीका असर धेरै रहेकाले किसानलाई सचेत गराउन थालिएको उनी बताउँछन् । 'पालिकाले रासायनिक विषादीको साटो जैविक विषादीमा जोड दिइरहेको छ । जैविक विषादीको फाइदा धेरै भएकाले यसको प्रयोग बढाउन किसानलाई सुझाव छ', प्रमुख पाण्डे भन्छन्, 'जैविक विषादी शत्रुजीवलाई मार्न प्रयोग गरिने जैविक वस्तु हुन् । जैविक वस्तुमा विभिन्न उपयोगी जीव, मित्रजीव एवं सूक्ष्म जीवहरू पर्नुका साथै विभिन्न जीव तथा वनस्पतिको तत्त्व, उत्पादन वा सक्रिय तत्त्वहरू मिसाएर बनाइन्छ ।' प्रमुख पाण्डेका अनुसार जैविक विषादी वातावरण मैत्री र वातावरणीय पक्षबाट स्वस्थ हुने गर्दछ र एकीकृत शत्रुजीव व्यवस्थापनको महत्त्वपूर्ण अंश मानिन्छन् । कृषि बाली उत्पादन गर्दा र भण्डारणमा देखिने रोग कीरा नियन्त्रण गर्न सम्भव भएसम्म रासायनिक विषादीको विकल्प खोज्नुका साथै विषादीबाट स्वास्थ्यमा हुने अल्पकालीन र दीर्घकालीन असर न्यून गर्न सचेत हुनुपर्छ ।**-रासस**

# अन्तत: मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गरिने



**पाल्पा,** जेठ ५/पटक-पटक मन्त्रीहरुको सम्पती सार्वजनिक गर्न जनस्तरबाटै आवाज उठे पनि सरकारले मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरेको थिएन । सामान्यतया: मन्त्री भएको ६० दिनभित्र सम्पत्ति विवरण प्रधानमन्त्री कार्यालयमा बुझाउनुपर्ने कानूनी दायित्व भए पनि सरकारले खासै चासो देखएको थिएन । अन्तत: अहिले सरकारले मन्त्रीहरुको सम्पति सार्वजनिक गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को बैठकले मन्त्रिपरिषद् सदस्यहरूको विवरण सार्वजनिक गर्ने निर्णय गरेको हो । यसअघि रास्वपाका मन्त्रीहरुले सम्पत्ति विवरण सार्वजनिक गर्न माग गर्दै ध्यानाकर्षण गराएका थिए । मन्त्रिपरिषद् गठन भएपछि मन्त्रीहरुले आफ्नो सम्पत्ति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउनुपर्ने व्यवस्था भएपनि सरकारले कानून बमोजिम भन्दै त्यसलाई गोप्य राख्ने गरेको थियो । तर रास्वपाका मन्त्रीहरुले नै त्यसबारे चासो राखेपछि सोबारे मन्त्रिपरिषद्ले निर्णय गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्राप्त मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गर्ने निर्णय गरेको हो । सरकारले २० असार २०७५मा प्रकाशित गरेको राजपत्रअनुसार प्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री र सहायकमन्त्रीले आफ्नो सम्पत्ति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बुझाउनुपर्छ । यस्तो विवरण २ महिनाभित्र राष्ट्रिय सतर्कता केन्द्रमा पठाउनुपर्छ । त्यस्तो विवरण सार्वजनिक गर्ने पुरानो अभ्यास हो । तर, पछिल्ला सरकारहरुले मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक नगर्ने थिति नै बसालेका थिए । लोकतन्त्रमा खुला सरकार, पारदर्शी शासन प्रणाली तथा जवाफदेहीका दृष्टिले पदाधिकारीहरूको सम्पत्ति विवरण सार्वजनिक गरिनु आधारभूत लोकतान्त्रिक चरित्र मानिन्छ । यो मूलत: कानूनीभन्दा पनि नैतिक प्रश्न हो । पारदर्शिताका लागि प्रधानमन्त्री तथा मन्त्रीहरूले अद्यावधिक सम्पत्ति विवरण सार्वजनिक गर्नु आवश्यक छ ।

यद्यपी सार्वजनिक निकायका पदाधिकारीले पदमा जानेबित्तिकै आृनो स्वार्थ बाझ्ने विषय सार्वजनिक गरी त्यस्ता विषयबाट अलग हुने अभ्यास रहेको पाइन्छ । नेपालमा भने विभिन्न पेशा-व्यवसाय भएका सांसद र मन्त्रीहरू स्वार्थ बाझिने विषयमा नै विवादित रूपमा निर्णय प्रक्रियामा सहभागी हुँदै आएका छन् ।

# शिक्षा सुधारको...

नर्सरीदेखी कक्षा १२ सम्म अग्रेजी माध्यमबाट पठन-पाठन, जंग फुड निषेधित व्यहारमै कार्यान्वयन गरेको र विद्यालयको चमेनागृहमा समेत जंगफुडयुक्त सरसमान ल्याउन र पकाउन नपाउने, विद्यालयमै शिक्षक देखी बालबालिकासम्मलाई सरसफाईमा विशेष ध्यान पुर्‍याएको, विगत २ वर्षदेखी भर्ना दरमा वृद्धि हुँदै गएको विद्यालयका प्रधानाध्यापक बस्यालले जानकारी दिए । विद्यालयमा हाल नर्सरीदेखि कक्षा १२ सम्म ३ सय विद्यार्थी रहेका छन् । कार्यक्रममा तानसेन नगरपालिका निमित्त प्रमुख कोशलराज घिमिरे, विद्यालयका संस्थापक सदस्य द्वारिका शर्मा, पूर्व प्रधानाध्यापक चक्रपाणि गौतम, धवल पुस्तकालयका अध्यक्ष युवराज पौडेल, पप माध्यमिक विद्यालयका प्रधानाध्यापक सन्तविर बराल, पूर्व शिक्षक सुर्य बोहरा, शिक्षक अभिभावक संघका अध्यक्ष भरत खड्की, विद्यार्थी कृष्टिना राना लगाएतले विद्यालयले गरेका कामहरुको बारेमा चर्चा गरेका थिए । कार्यक्रममा विभिन्न समाजसेवी व्यक्तिहरुबाट १ लाख ५० हजारको ४ वटा अक्षयकोष थपिएका छन् । विद्यालयमा वार्षिक उत्सवको असवरमा उत्कृष्ट कार्य सम्पादन गरेका शिक्षक भोजराज थापा, नुरराज गैरे र पिताम्बर रानालाई सम्मान समेत गरिएको थियो । कवडीतर्फ तानसेन नगरपालिका प्रथम भएका छात्राको समूहलाई शिक्षक नुरराज गैरेले नगद ५ हजार रुपैयाँ प्रदान गरी सम्मान गरेका थिए । कार्यक्रममा विद्यालयमा अध्धयनरत करीव १ सय ५० जना बालबालिकाहरुलाई विभिन्न किसिमको छात्रवृत्ति प्रदान गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णराज अधिकारीको अध्यक्षता, सदस्य कमलराज तिमिल्सिनाको स्वागत, शिक्षक हरिबहादुर कुंवरको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## हार्दिक बधाई तथा शुभकामना



२०८१ बैशाख २९, ३० र ३१ गते सात प्रदेश र तीन विभागीय समूहबिच रोल्पामा सम्पन्न **२३ औं राष्ट्रिय आई.टि.एफ**, तेक्वाण्डो प्रतियोगितामा २ स्वर्ण सहित ७ पदक जित्न सफल पाल्पाका खेलाडीहरु स्वर्णपदकमा विजु आई.टि.एफ, तेक्वाण्डो दोजाङका प्रविन झेडी (एकल स्पायरिङ्ग ५६–६० के.जि), हिडन आई.टि.एफ तेक्वाण्डो डोजाङ्गका विजय थापा सारु (एकल स्पायरिङ्ग ६१–६५ केजि), रजत पदकमा विजु आई.टि.एफ तेक्वाण्डो दोजाङ्गका भुम्बिर गाहा (एकल प्याट्रन कालो पेटी प्रथम डान), कविता राना (एकल स्पायरिङ्ग ६६– ७० के.जी) र कास्य पदकमा तानसेन आई.टि.एफ तेक्वाण्डो डोजाङ्गका रोशनी थापा (एकल स्पायरिङ्ग ५१–५५ केजि), एन्जल रेग्मी (एकल स्पायरिङ्ग ४६–५० के.जी) र भुम्बिर गाहा (एकल स्पायरिङ्ग ५१– ५५ के.जी) विजयी हुनुभएकोमा **हार्दिक बधाई** तथा थप सफलताको कामना सहित **शुभकामना** व्यक्त गर्दछौं ।

निर बहादुर सारु
अध्यक्ष
एवं
**पाल्पा आई.टि.एफ तेक्वाण्डो परिवार**
तानसेन, पाल्पा


## खेलकुद समाचार

# एपीएफको ह्याट्रिक सुदूरपश्चिम पराजित




**काठमाडौं जेठ** ५/एपीएफले ललितपुर मेयर्स वुमन्स टी-२० कपको उपाधिमा ह्याट्रिक गरेको छ । त्रिवि क्रिकेट मैदानमा भएको फाइनलमा सुदूरपश्चिमविरुद्ध २ रनको रोमाञ्चक जित निकाल्दै एपीएफले उपाधिमा ह्याट्रिक गरेको हो । यसअघिका दुई संस्करणको उपाधि एपीएफले नै जितेको थियो ।

१५६ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमले ५ विकेटको क्षतिमा १५३ रन बनायो । कविता जोशीले आक्रामक ब्याटिङ गरे पनि अन्तिम ओभरमा रन जोड्न नसक्दा टोलीलाई जिताउन सकिनन् । कविताले ४५ बलमा ३ छक्का र ७ चौकाको मद्दतमा ६७ रन बनाइन् । लक्ष्मी साउदले २९, बिन्दु रावलले १९, साबित्रा धामीले १२, सम्झना खड्काले १० र रुबी पोद्दारले ५ रन बनाइ । रितु कनौजिया शून्य रनमा आउट भइन् । एपीएफकी करुणा भण्डारीले २ तथा सुमन बिष्टले एक विकेट लिइन । यसअघि टस जितेर ब्याटिङ गरेको एपीएफले सीता रानामगर र राजमति ऐरीको अर्धशतकमा १५५ रन बनाएको थियो । एपीएफका लागि सीता रानामगरले सर्वाधिक ७४ रन बनाइन् । उनले ८ चौका प्रहार गरिन् । राजमति ऐरीले ४६ बलमा ७ चौका मद्दतमा ५० रन बनाइन् । ममता चौधरी १० र सरिता मगर एक रनमा अविजित भए भने इन्दु बर्मा ९ र रोमा थापा ६ रन जोडेर आउट भए । सुदूरपश्चिमकी विन्दु रावल, राधिका पुजरा र रितु कनौजियाले एक/एक विकेट लिए ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# मोबाइल बैंकिङ र क्यूआरको प्रयोग बढ्दो




**पाल्पा,** जेठ ५/ प्रविधिमा पहुँच बढेसँगै मोबाइल बैंकिङ, क्विक रेस्पोन्स (क्यूआर) वाटेललगायतमा सेवाग्राहीको आकर्षण बढ्दो रहेको छ । चिया पसल र रेस्टुराँदेखि हस्पिटालिटी सेक्टरसम्म भुक्तानीको सहज माध्यम बनेको यी उपकरण बनेका छन् ।

प्रयोगकर्ताको संख्या बढेसँगै कारोबारमा पनि वृद्धि भएको छ । समयको माग अनि सरल तथा सहज प्रक्रिया भएकाले युवा पुस्ता यसमा आकर्षित भइरहेका छन् । क्यूआर कारोबार दोब्बर भन्दा धेरैले बढेको छ । नौ महिनामा यस्तो प्रविधिमार्फत हुने भुक्तानी र कारोबार संख्या दुवैमा शतप्रतिशत भन्दा धेरैको सुधार आएको हो । चालु आर्थिक वर्षको चैत महिनासम्म मात्रै क्यूआर पेमेन्टमार्फत १ करोड ६१ लाख वटा कारोबार भएका छन् । यो अवधिमा यस्तो कारोबारमार्फत ४५ अर्ब ६७ करोड रुपैयाँ भुक्तानी भएको राष्ट्र बैंकले जनाएको छ । गत चैतसम्म ७६ लाखपटक मात्रै यस्तो कारोबार भएको थियो । सो कारोबारमार्फत २२ अर्ब ८९ करोड रुपैयाँको कारोबार भएको थियो । अर्कोतिर मोबाइल बालेटमार्फत हुने भुक्तानीमा पनि यो वर्ष झण्डै एक तिहाई वृद्धि भएको छ । अघिल्लो वर्ष ९ महिनामा १ करोड ८६ लाख पटक वालेटमार्फत भुक्तानी भएकोमा यो वर्ष २ करोड ४४ लाख पटक भुक्तानी भएको छ । यो अवधिमा वालेटमार्फत् २६ अर्ब रुपैयाँ भुक्तानी भएको छ । अघिल्लो यही समयसम्म १९ अर्ब भुक्तानी भएको थियो । अहिले मोबाइल वालेट ग्राहकको संख्या २ करोड २२ लाख रहेको छ । डिजिटल भुक्तानीको अर्को महत्वपूर्ण पक्ष मानिने मोबाइल बैंकिङको प्रयोग यो अवधिमा झण्डै दुई तिहाइले बढेको छ । अघिल्लो वर्ष चैतसम्म मोबाइल बैंकिङमार्फत २ करोड ५७ लाख पटक कारोबार भएकोमा यो संख्या यो वर्ष ३ करोड ५१ लाख पुगेको छ । यस्तो कारोबारमा अघिल्लो वर्ष २ खर्ब ७ अर्ब रुपैयाँ कारोबार भएकोमा यो वर्ष २ अर्ब ९८ अर्ब रुपैयाँ पुगेको छ । अहिले मोबाइल बैंकिङ ग्राहकको संख्या २ करोड ४० लाख रहेको छ ।


## ‘विषादी बिष हो : औषधी होइन’

- बिषादी प्रयोग गर्दा सुरक्षित पहिरनको प्रयोग गर्ने गरौं ।
- गुणस्तरहिन तथा म्याद नाघेको बिषादीहरुको प्रयोग नगरौं ।
- बिषादी प्रयोग गरेको अवस्थामा खानेकुरा, पेय पदार्थ, सूर्ति तथा चुरोटपान आदि सेवन नगरौं ।
- ज्यादै कडा तथा आवश्यकता भन्दा बढी बिषादीहरुको प्रयोग नगरौं ।
- स्पष्ट जानकारी बिना बिषादीहरु एक अर्कामा मिसाइ प्रयोग नगरौं र पानी परेको, हावा चलेको तथा शित परेको अवस्थामा बिषादीहरुको प्रयोग नगरौं ।

**अनुरोधक**
**नेपाल सरकार**
**कृषि तथा पशुपन्छि विकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**
**परियोजना कार्यान्वयन इकाई (तरकारी जोन)**
**पाल्पा**

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**अनुरोधक**
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई